# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२ ) काठमाडौं, माघ १ गते २०४९ साल ( अतिरिक्ताङ्क ५४+ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट न्यायपरिषद्को सिफारिशमा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम पुनरावेदन अदालत, राजविराज (सप्तरी) का न्यायाधीश श्री दिलिपकुमार पौडेललाई पुनरावेदन अदालत, इलामको मुख्य न्यायाधीशमा र सर्वोच्च अदालतका रजिष्ट्रार श्री गोपालप्रसाद खत्रीलाई पुनरावेदन अदालत, जनकपुर (धनुषा) को मुख्य न्यायाधीशमा नियुक्त गरिबक्सेको छ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट देहायका मुख्य न्यायाधीशहरूलाई न्यायपरिषद्को सिफारिशमा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गरिबक्सेको छ ।

१. पुनरावेदन अदालत पोखरा (कास्की) का मुख्य न्यायाधीश
   श्री अरविन्दनाथ आचार्य
२. पुनरावेदन अदालत बुटवल (रूपन्देही) का मुख्य न्यायाधीश
   श्री उदयराज उपाध्याय ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ महाराजाधिराजबाट न्यायपरिषद्को सिफारिशमा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम निम्नलिखित पुनरावेदन अदालतहरूका मुख्य न्यायाधीशहरूलाई निम्नलिखित पुनरावेदन अदालतहरूमा सरुवा गरिबक्सेको छ ।

१. पुनरावेदन अदालत राजविराजको मुख्य न्यायाधीश श्री हरिप्रसाद शर्मालाई पुनरावेदन अदालत सुर्खेतको मुख्य न्यायाधीशमा ।
२. पुनरावेदन अदालत जनकपुरको मुख्य न्यायाधीश श्री टोपबहादुर सिंहलाई पुनरावेदन अदालत पोखराको मुख्य न्यायाधीशमा ।
३. पुनरावेदन अदालत इलामका मुख्य न्यायाधीश श्री महेश्वरमान प्रधानलाई पुनरावेदन अदालत राजविराजको मुख्य न्यायाधीशमा ।
४. पुनरावेदन अदालत सुर्खेतका मुख्य न्यायाधीश श्री हरिश्चन्द्रप्रसाद उपाध्यायलाई पुनरावेदन अदालत बुटवलको मुख्य न्यायाधीशमा ।

## सूचना ४

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम बंगलादेशका लागि शाही नेपाली राजदूत श्री लोकबहादुर श्रेष्ठलाई श्रीलंका र माल्दिभ्सका लागि पनि शाही नेपाली राजदूत नियुक्त गरिबक्सेको छ ।

## सूचना ५

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम संघीय गणतन्त्र जर्मनीका लागि शाही नेपाली राजदूत श्री गोपालप्रसाद शर्मालाई पोल्याण्ड र अल्बानियाका लागि पनि शाही नेपाली राजदूत नियुक्त गरिबक्सेको छ ।

## सूचना ६

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम कायरोका लागि शाही नेपाली राजदूत श्री जितेन्द्रराज शर्मालाई ईथियोपिया र अल्जेरियाका लागि पनि शाही नेपाली राजदूत नियुक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

१०००



मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।